# इनरूवा नगरपालिका कार्यालय
## पदपुर्ति समिति
## इनरूवा, सुनसरी
## करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मितिः २०७२ फाल्गुन १७ गते)

यस नगरपालिकाको पदपुर्ति समितिको मितिः २०७२।११।१४ गतेको निर्णयानुसार यस कार्यालयमा रिक्त रहेको तपसिलका पदहरूमा खुला प्रतिस्पर्धाको आधारमा करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरूले देहायको शर्तहरूको अधिनमा रही यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र दरखास्त दिनहुन यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन न. | पद | तह | सेवा, समुह, उप समुह | माग पद संख्या | पदपुर्तिको किसिम |
|---|---|---|---|---|---|---|
| १ | १/०७२–७३ | इन्जिनियर | अधिकृत स्तर छैठो | इन्जिनियरिंग, सिभिल, विल्डिंग एण्ड आर्किटेक्ट | १(एक) | खुला |
| २ | २/०७२–७३ | सब इन्जिनियर | सहायक स्तर पांचौ | इन्जिनियरिंग, सिभिल, विल्डिंग एण्ड आर्किटेक्ट | १(एक) | खुला |

**१) आवश्यक शैक्षिक न्युनतम योग्यताः**

क) इन्जिनियर पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिंग तथा आर्किटेक्ट इन्जिनियरिंग विषयमा स्नातक तह उतिर्ण गरेको र नेपाल इन्जिनियरिंग परिषदमा दर्ता गरेको ।

ख) सब इन्जिनियर पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिंग विषयमा प्रमाणपत्र तह उतिर्ण गरेको ।

ग) दरखास्त दिने अन्तिम मिति सम्ममा इन्जिनियर पदको लागि २१ वर्ष पुरा भै ४५ वर्ष ननाघेको र सब इन्जिनियर पदको लागि १८ वर्ष पुरा भै ४५ वर्ष ननाघेको ।

घ) स्थानीय स्वायत शासन नियमावली २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२) परिक्षाको किसिमः लिखित तथा अन्तरवार्ता

३) परिक्षा केन्द्रः इनरूवा नगरपालिका कार्यालय, इनरूवा

४) परिक्षा दस्तुरः इन्जिनियर पदको लागि रू.१०००।०(एक हजार मात्र) र सब इन्जिनियर पदको लागि रू.४००।०(चार सय मात्र)

५) दरखास्त फारमः लोक सेवा आयोगले तोकेको ढांचा बमोजिम हुनेछ ।

६) दरखास्त दिने स्थानः इनरूवा नगरपालिका कार्यालय, प्रशासन शाखा

७) दरखास्त दिने मितिः मितिः २०७२ चैत्र १ गते सम्म । बिदा पर्न गएमा सो को भोली पल्ट ।

८) परिक्षा हुने मितिः इन्जिनियर पदको लागि मितिः २०७२।१२।१२ दिउसो ४ बजे प्रथम पत्रको मात्र लिखित परिक्षा हुनेछ र सब इन्जिनियर पदको लागि मितिः २०७२।१२।१३ बिहान ११ बजे लिखित परिक्षा हुनेछ ।

९) तलबः नेपाल सरकारको प्रचलित स्केल अनुसार ।

१०) दरखास्त फारम साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरू

(अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र (इ) नेपाली नागरिकताको प्रमाणपत्र (उ) इन्जिनियरिंग परिषद दर्ता प्रमाणपत्र । उम्मेदबार स्वंमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नुपर्नेछ ।

११) तोकिएको म्याद भित्र दाखिला नभएको वा न्युनतम शैक्षिक योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

१२)लिखित परिक्षामा उतिर्ण हुने उम्मेबादहरूले अन्तरवार्ता दिनु अगावै सक्कल शैक्षिक योग्यताको प्रमाणपत्रहरू पेश गर्नुपर्नेछ ।

१३) पाठयक्रमको हकमा लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

**सदस्य सचिव**